# मार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लटिनाथ, दार्चुला

सुदूर पश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं. १४११

मिति : २०७७/०१/१०

विषय : ध्यानाकर्षण सम्बन्धमा ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगको रोकथम र नियन्त्रणको लागि मार्मा गाउंपलिकाले विभिन्न पहल गरिरहेको अवस्थामा सामाजिक संजालमा गाउँपालिका विरुद्ध केही व्यक्तिहरुबाट झुटो, भ्रमपूर्ण कपोलकल्पित समाचारहरु सम्प्रेषण गरिएको प्रति गाउँपालिकाको ध्यानाकर्षण भएको छ । बन्दा बन्दी (Lock Down) लाई कसरी व्यवस्थित गर्ने र बाहिर बाट आएका व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्नको लागि क्वारेन्टाइन स्थल तोक्ने देखि सम्पुर्ण व्यवस्थापन गर्न जनप्रतिनिधि, स्वास्थ्य कर्मी र कर्मचारीहरुको योगदान रहिआएको समेत जानकारी गराउन चाहन्छु साथै हतारमा काम गर्दा केही कमीकमजोरी हुने नै गर्दछ र यो सबैमा लागु पनि हुन्छ ।

२०७६ चैत्र ११ गते देखि देशैभर लकडाउन भएको र अदृश्य रोग कोरोना भाइरसको रोकथाम र नियन्त्रणको लागि केन्द्र सरकारबाट विभिन्न काम गर्ने भनि पत्र, परिपत्र, निर्देशन दिएकोले गा.पा. ले पनि सोही अनुसार काम अगाडी बढाएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।गा.पा. को ४ वटा स्थानमा क्वारेन्टाइन निर्माण गरी मान्छे राखिएको निजहरुलाई खानपिनको व्यवस्था गरिएको, १४ दिन क्वारेन्टाइनमा राखि स्वाव परिक्षरण गरिएको, स्वाव परिक्षणमा सबैको नतिजा Negative आएको पनि जानकारी गराउँदछौ । स्वास्थ शाखा मार्फत पि.पि.ई. सेट सेनिटाइजर, मास्क लगायतका सामाग्री उपलब्ध गराउने जिम्मा दिइएकोमा मास्कको सन्दर्भमा सामाजिक संजालमा टिका टिप्पणी आइरहेको र मास्क बनाउनको लागि रु. ४८००००।०० अक्षरेपिः चार लाख असी हजार मात्र कार्यपालिका बैठकबाट विनियोजन गरिएको भनि भ्रामक समाचार सम्प्रेषण भएकोले कार्यपालिका बैठक बाट मास्क शिर्षकमा बजेट विनियोजन नगरिएको र रकम भुक्तानी पनि नगरिएको समेत जानकारी गराउदछु ।साथै कार्यपालिकाको कुनै संलग्नता नरहेको व्यहोरा पनि स्पष्ट गर्न चाहन्छु ।

राम कुमार राना
नि. प्रमुख प्रशासकिय अधिकृत

# मार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लटिनाथ, दार्चुला
सुदूर पश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं. ९८९९

मार्मा गा.पा.का जनप्रतिनिधि र कर्मचारीहरुले समेत विपतको समयमा आर्थिक सहयोग गर्ने प्रतिवद्धता गरेका र सक्दो आर्थिक रकम प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय समेत भैसकेको पनि जानकारी गराउँदछु।

अन्त्यमा सामाजिक संजालमा आएका कपोल कल्पित, भ्रामक समाचारको पछि नलागि लकडाउनको बेला सरकारले दिएका निर्देशन पालना गरी जीवन सुरक्षा गर्न र कोरोना भाइरस (कोभिड-१९) सँग प्रतिरोध गर्न र आवश्यक सहयोग गरि दिन हुन सम्पूर्ण मार्मा बासीमा हार्दिक अपिल गर्दछु ।

.........................
(राम कुमार राना)
नि.प्रमुख प्रशासकीय अधिकृत

राम कुमार राना
नि. प्रमुख प्रशासकिय अधिकृत